## ईम्प्लान्ट के हो ?

ईप्लान्ट भनेको एक प्रभावकारी र लामो अवधिसम्म गर्भ रोक्ने महिलाहरुको लागि परिवार नियोजनको अस्थायी साधन हो । यो दुई वटा पातलो मसिना सिलिकन नलीभित्र सेन्थेटिक प्रोजेस्टिन लिभोनेरजेस्ट्रोल हर्मोन भरेर बनाएको हुन्छ । यो दुईवटा पातलो लचकदार मसिना क्याप्सुलको आकारको हुन्छ। यसलाई सामान्य चिरफार गरी पाखुराको छालामुनी तालिम प्राप्त स्वास्थ्यकर्मीले राखिदिन्छन्। पाखुरामा राखेको २४ घण्टाभित्र यसले गर्भधारण हुनबाट बचाउने काम सुरु गर्दछ ।



## इम्प्लान्टले कति वर्ष काम गर्छ ?

दुई किसिमका इम्प्लान्ट सेवाहरू उपलब्ध छन् ।

१) ३ वर्षे इम्प्लान्ट (इन्डोप्लान्ट) : यसले ३ वर्षसम्म गर्भधारण हुनबाट बचाउँछ ।

२) ५ वर्षे इम्प्लान्ट ( जेडिल) : यसले ५ वर्षसम्म गर्भ धारण हुनबाट बचाउँछ । यो ईम्प्लान्ट झिक्नासाथ महिलामा गर्भधारण क्षमता पुनस्थापित हुन्छ ।

## ईम्प्लान्ट लगाउने उपयुक्त समय कुन हो ?

- महिलाको महिनावारी सुरु भएको सात दिन भित्र वा गर्भ पतन भएको लगत्तै यो साधन लगाउन सकिन्छ ।
- यदि महिला गर्भवती नभएको एकिन भएमा महिनावारी भएको जुनसुकै समयमा पनि लगाउन सकिन्छ । तर यसरी बीच समयमा लगाउदा गर्भवती हुनबाट बचाउँन यो साधन लगाएको ७ दिनसम्म यौन सम्पर्क नराख्ने वा राख्नै परेमा श्रीमानले कण्डम प्रयोग गर्नु पर्दछ ।

## ईम्प्लान्टले कसरी गर्भ रोक्दछ ?

- ईम्प्लान्टले महिलाको नियमित मासिक महिनावारीको डिम्ब निष्कासन प्रक्रियालाई बन्द गरिदिएर गर्भ रहनबाट बचाउँछ ।
- यसले महिलाको योनीरसलाई बाक्लो बनाएर पुरुषको वीर्यमा रहेको शुक्रकिटलाई पाठेघर भित्र छिर्नबाट बचावट गरी महिला गर्भवती हुनबाट बचाउँछ ।

## कस्ता महिलाले ईम्प्लान्ट लगाउन सक्छिन् ?

- लामो अवधिसम्म गर्भान्तर गर्न चाहने महिलाले ।
- स्थायी बन्ध्याकरण गर्न नचाहने तर थप बच्चा पनि तत्कालै नचाहने महिला ।
- यौन क्रियाको बेलामा कुनै साधन प्रयोग गर्न नचाहने महिला ।
- बच्चालाई दुध खुवाई रहेकी महिलाले पनि लगाउन सक्छिन् । यसबाट आमाको दुध उत्पादनमा कुनै हानी वा कमी गर्दैन ।
- भर्खरै गर्भपतन गराएका महिलाले पनि इम्प्लान्ट लगाउन हुन्छ ।
- इस्ट्रोजेन भएको खाने चक्की प्रयोग गर्दा प्रतिकूल असर देखिएका महिलाहरूले प्रयोग गर्न मिल्छ ।

- ईम्प्लान्टले ३ वा ५ वर्षसम्म गर्भ रहन दिँदैन ।
- इम्प्लान्ट झिक्नासाथ गर्भधारण क्षमता पुनः स्थापित हुन्छ ।
- लामो अवधिसम्म गर्भान्तर गर्न यो साधन प्रयोग गर्न सकिन्छ ।

## ईम्प्लान्टबाट हुने सामान्य असरहरू

इम्प्लान्ट परिवार नियोजनको भरपर्दो अस्थायी साधन हो । तर पनि कसैकसैलाई निम्न लिखित सामान्य असरहरू पनि देखिन सक्दछन् ।

- महिनावारी गडबडी हुने
- टाउको दुख्ने
- कपाल झर्ने
- यौन सम्पर्क गर्ने इच्छामा कमी आउने
- रिंगटा लाग्ने
- बेहोस हुने
- यौनांगबाट सेतो पानी बग्ने
- तौल बढ्ने
- ईम्प्लान्ट लगाएको ठाउँमा संक्रमण हुने, दुख्ने र चिलाउने ।

उपरोक्त असरहरू देखिएमा खासै आतिनु पर्दैन । विस्तारै यी असरहरु सामान्य हुँदै जान्छन् । तर आवश्यक ठान्नु हुन्छ भने यी असरहरूको सम्बन्धमा नजिकको स्वास्थ्य संस्थामा गई सल्लाह लिनु पनि उपयुक्त हुन्छ ।

## ईम्प्लान्ट कहाँ गएर लगाउने ?

- तालिम प्राप्त स्वास्थ्यकर्मीले स्वास्थ्य संस्थामा महिलालाई ईम्प्लान्ट लगाई दिन्छन् र झिक्नु परे पनि तालिम प्राप्त स्वास्थ्यकर्मीले नै स्वास्थ्य संस्थामा झिकि दिन्छन् । यो आफैले झिक्नु हुँदैन ।
- ईम्प्लान्ट लगाइसकेपछि महिलालाई आधा घण्टासम्म स्वास्थ्य संस्थामा नै आराम गर्न लगाई सकेपछि मात्र घर पठाउँछन् ।
- यो इम्प्लान्ट सरकारी स्वास्थ्य संस्थाहरूमा निःशुल्क रुपमा महिलालाई लगाइन्छ ।
- इम्प्लान्ट निजी स्वास्थ्य संस्था तथा गैर सरकारी क्लिनिकहरूमा पनि लगाउन पाइन्छ ।

**३ वर्षे र ५ वर्षे इम्प्लान्ट सेवा नेपाल सरकारबाट सञ्चालित स्वास्थ्य संस्थाहरुमा निःशुल्क उपलब्ध छ ।**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
टेकु, काठमाडौं
फोन : ४-२५४६१३, ४-२५४२७१, फ्याक्स : ४-२६१३८७
E-mail : hellis@wlink.com.np
Website : www.nheicc.gov.np
२०६७/०६८

# परिवार नियोजनको अस्थायी साधन

# ईम्प्लान्ट



३ वा ५ वर्षसम्म गर्भधारण हुनबाट रोक्ने परिवार नियोजनको अस्थायी एवं भरपर्दो साधन ईम्प्लान्ट हो ।